# प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ज्यूबाट २०७२ बैशाख १२ गते गएको महाभूकम्पको उद्धार तथा राहत कार्यमा खट्टिएका सकल दर्जालाई दिनु भएको सन्देश

- रथीवृन्द, अधिकृत, पदिक, बिल्लादार लगायत सकलदर्जा !

१. मिति २०७२ साल बैशाख १२ गते गएको महाभूकम्पको कारण असामायिक निधन भएका नेपाली सेनाका अधिकृत, पदिक, अन्य दर्जा तथा परिवारका सदस्यहरूको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु । यस महाभूकम्पको कारण तथा कर्तव्यपालनका दौरान घाईते भएका सैनिक जवान तथा तिनका परिवारहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. संकटको यस घडीमा नेपाली सेना पुन: एक पटक नेपाली जनताको भरपर्दो संस्था र आस्था तथा विश्वासको केन्द्रको रूपमा देखिएको छ । स्वयम् आफैले मानवीय एवं भौतिक क्षति व्यहोरि रहेको अवस्थामा नेपाली सेनाका सकल दर्जाले तत्काल परिचालित भई खोज-तलाश, उद्धार तथा राहत कार्यमा पुऱ्याएको योगदानको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट खुलेरै प्रशंसा भएको छ । यसको लागि कर्तव्यपथमा लागि रहनु भएका नेपाली सेनाका सकल दर्जा तथा कर्तव्यपालनाको लागि उत्प्रेरित गर्ने तिनका परिवारजनहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस उद्धार र राहत कार्यलाई आगामी दिनमा प्रभावकारी ढङ्गबाट निरन्तरता दिने ठूलो चुनौती हाम्रो सामु रहेको छ । वर्षायामको आगमन पूर्व पीडित जनताले महसुस गर्ने गरी अस्थायी बासस्थानको व्यवस्थापनमा भरपुर सहयोग गरी जीवनयापनलाई सहज बनाउने हाम्रो लक्ष्य रहेको छ । नेपाली सेनाले भूकम्प पीडित जनताहरूको राहत र उद्धार कार्यमा अहोरात्र संलग्न रहि जनताको मन जित्दै आफ्नो मान र प्रतिष्ठालाई सदा झै उच्च राख्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद । नेपाली सेनाको जय ।

मिति: २०७२/०१/१५ गते ।

गौरव शम्शेर ज.ब.रा.
महारथी
प्रधान सेनापति

```
ERROR: syntaxerror
OFFENDING COMMAND: --nostringval--

STACK:

/Title
()
/Subject
(D:20150502210403+05’45’)
/ModDate
()
/Keywords
(PDFCreator Version 0.9.5)
/Creator
(D:20150502210403+05’45’)
/CreationDate
(asus)
/Author
-mark-
```